21 June 2024

**आकाशवाणी**

**मुख्य समाचार**

- **प्रधानमन्त्री श्री नरेन्द्र मोदीले जम्मू-कश्मीरको श्रीनगरमा अन्तर्राष्ट्रीय योग दिवस समारोहको गर्नुभयो नेतृत्व**
- **देशका विभिन्न राज्यमा अन्तर्राष्ट्रिय योग दिवस हर्षोल्लाससहित पालन**
- **बंगलादेशकी प्रधानमन्त्री श्रीमती शेख हसिना भारतको दुई दिने भ्रमणमा**
- **जम्मू कश्मीरसहित हरियाणा, महाराष्ट्र र झारखण्डमा मतदाता सूची अपडेट गर्न निर्वाचन आयोगले दियो निर्देश**
- **श्री केजरीवालको जमानत प्रवर्तन निदेशालयको याचिका माथि सुनुवाइ नभएसम्म प्रभावकारी नहुने दिल्ली उच्च न्यायालयको आदेश,**
- **टी–२० क्रिकेट विश्वकपमा अष्ट्रेलिया र भारतले जिते आ-आफ्ना म्याच**

**PM - योग दिवस**

आज विश्वभरि अन्तर्राष्ट्रिय योग दिवस मनाइँदैछ। देशको मुख्य कार्यक्रम जम्मू कश्मीरको श्रीनगरस्थित शेर-ए-कश्मीर अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा भएको थियो। प्रधानमन्त्री श्री नरेन्द्र मोदीले श्रीनगरबाट समारोहको नेतृत्व गर्नुभयो। कार्यक्रममा जम्मू कश्मीरका उप राज्यपाल श्री मनोज सिन्हा, केन्द्रीय मन्त्री श्री प्रतापराव गणपतराव जाधव र अन्य धेरै प्रतिष्ठित व्यक्तित्वहरू उपस्थित हुनुहुन्थ्यो।

यस अवसरमा प्रधानमन्त्री श्री मोदी योग सत्रमा सहभागी बन्नु भयो। उहाँले जनसमुहलाई पनि सम्बोधन गर्नुभएको थियो। यस सत्रमा शारीरिक, मानसिक र आध्यात्मिक विकासमा योगको महत्वमाथि जोड दिइएको थियो। विश्वभरि योगलाई अंगीकार गर्नेहरूको संख्या बढ्दै गएको र मानिसहरूले यसको उपयोगिता पनि बुझ्दै गएको उहाँले बताउनु भयो । उहाँले भन्नुभयो, विश्व नेताहरूले प्रायः आफ्नो वार्तामा योगको बारेमा छलफल गर्छन्। विश्वभर योगप्रति बढ्दो स्वीकृतिको बारेमा प्रधानमन्त्रीले सन् २०१५ को आफ्नो तुर्कमेनिस्तान भ्रमणलाई उल्लेख गर्नुभयो। उहाँले तुर्कमेनिस्तानका सरकारी मेडिकल युनिभर्सिटीहरूले योग थेरापी समावेश गरेको बताउनु भयो। साउदी अरेबियाले पनि यसलाई आफ्नो शिक्षा प्रणालीको अंग बनाएको छ र मङ्गोलियन योग फाउन्डेसनले धेरै योग विद्यालयहरू सञ्चालन गर्दछ भन्नुभयो। युरोपमा योगलाई स्वीकृति दिएको जानकारी दिँदै प्रधानमन्त्रीले अहिलेसम्म डेढ करोड जर्मन नागरिकले योग अभ्यास गरेको बताउनुभयो। श्री मोदीले योग आज अनुसन्धानको विषय भएको र यसका धेरै शोधपत्रहरू प्रकाशित भइसकेको बताउनुभयो।

विगत १० वर्षमा योगको विस्तारको बारेमा चर्चा गर्दै प्रधानमन्त्रीले नयाँ योग अर्थतन्त्रको बारेमा पनि कुरा गर्नुभयो। योग पर्यटनप्रति बढ्दो आकर्षण र योग सिक्न भारतमा आउने मानिसहरूको चाहना बढ्दो रहेको उहाँले बताउनुभयो। उहाँले योगस्थल, रिसोर्ट, विमानस्थल र होटलमा योगका लागि विशेष सुविधा, योग पोशाक र उपकरण, व्यक्तिगत योग प्रशिक्षकको व्यवस्था विषय पनि उल्लेख गर्नुभयो। यी सबैको विकासले युवाका लागि रोजगारीका नयाँ अवसरहरू सिर्जना गरिरहेको उहाँले बताउनु भयो । यस वर्षको अन्तर्राष्ट्रिय योग दिवसको नारा 'आफू र समाजका लागि योग' रहेको छ । विश्वले योगलाई विश्व कल्याणको सशक्त संयन्त्रका रुपमा हेरिरहेको प्रधानमन्त्रीले बताउनुभयो ।

**राष्ट्रपति - योग दिवस**

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज १०औँ अन्तर्राष्ट्रिय योग दिवसका अवसरमा विश्व समुदाय र विशेषगरी देशबासीमा शुभकामना व्यक्त गर्नुभएको छ । राष्ट्रपतिले भन्नुभएको छ, योग मानवताको लागि भारतको एउटा अद्वितीय उपहार हो। राष्ट्रपतिले योगलाई दैनिक जीवनको अभिन्न अंग बनाउन मानिसहरूलाई आग्रह गर्नुभएको छ।

**योग दिवस कार्यक्रम**

१०औँ अन्तर्राष्ट्रिय योग दिवसका अवसरमा देशका विभिन्न राज्य, शहर, गाउँ, कार्यालय, महाविद्यालय, विश्वविद्यालय एवम् विद्यालय तथा संस्थानहरूमा योग दिवस हर्षोल्लाससहित पालन गरिएका समाचार प्राप्त भएका छन्।

राजधानी दिल्लीका विभिन्न स्थानमा आयोजित योग दिवस कार्यक्रममा केन्द्रिय मन्त्रीहरूले सहभागिता जनाउनु भयो। संसद भवनमा पनि योगदिवस पालन गरियो। यसका साथै आन्ध्र प्रदेश, अरुणाचल प्रदेश, असम, बिहार, छत्तिसगढ, गोवा, गुजरात, हरियाणा, हिमाचल प्रदेश, झारखण्ड, कर्नाटक, केरल, मध्य प्रदेश, महाराष्ट्र, मणिपुर, मेघालय, मिजोरम, नागाल्याण्ड, उडिसा, पञ्जाब, राजस्थान, सिक्किम, तमिल नाडु, तेलाङ्गना, त्रिपुरा, उत्तर प्रदेश, उत्तराखण्ड अनि पश्चिम बंगाल राज्यमा योग दिवसका कार्यक्रमहरू आयोजना भए। अन्तर्राष्ट्रिय योग दिवस विश्वका विभिन्न देशहरूमा पनि पालन भइरहेका छन्।

**बंगलादेश-प्रधानमन्त्री भ्रमण**

बंगलादेशकी प्रधानमन्त्री श्रीमती शेख हसिना भारतको दुई दिने भ्रमणमा आज साँझ नयाँ दिल्ली आइपुग्नु भयो। भारतमा नयाँ सरकार बनेपछि उहाँको यो पहिलो राजकीय भ्रमण हो। श्रीमती शेख हसिना यसै महिना प्रधानमन्त्री श्री नरेन्द्र मोदी र केन्द्रीय मन्त्रिपरिषद्को शपथ ग्रहण समारोहमा सहभागी हुनुभएको थियो। उहाँ प्रधानमन्त्री श्री मोदीको निमन्त्रणामा भारत आउनु भएको हो। भ्रमणको पहिलो दिन आज उहाँले विदेशमन्त्री डा. सुब्रमण्यम जयशंकरसँग भेट गर्ने कार्यक्रम रहेको छ।

**कल्लाकुरिची - मृतक**

तमिलनाडुको कल्लाकुरिची विषाक्त मदिरा त्रासदीमा मृत्यु हुनेहरूको संख्या बढेर ४७ पुगेको छ। त्रासदीले 165 जनालाई प्रतिकूल असर पारेको छ। आज कल्लाकुरिचीमा सञ्चारकर्मीसँग कुरा गर्दै जिल्ला अधिकारी श्री एम एस प्रशान्तले ११८ जनाको उपचार भइरहेको र ६ जनाको अवस्था गम्भीर रहेको बताउनु भयो । उपचारपछि ६८ जनाको अवस्था सुधारोन्मुख रहेको उहाँले जनाउनु भयो । यसैबीच, विषाक्त मदिरा काण्डमा पक्राउ परेका चारै जनालाई १५ दिनको न्यायिक हिरासतमा पठाइएको छ ।

**पूर्व-बजेट बैठक**

वित्तमन्त्री श्रीमती निर्मला सीतारामनले आगामी आम बजेटसित सम्बन्धित पूर्व बजेट बैठकको अध्यक्षता गर्दै आउनु भएको छ। यसक्रममा आज नयाँ दिल्लीमा किसान संगठनका प्रतिनिधि र कृषि अर्थशास्त्रीहरूसँग उहाँले परामर्श बैठक गर्नुभयो। बैठकमा वित्त राज्यमन्त्री श्री पंकज चौधरी, वित्त सचिव, मुख्य आर्थिक सल्लाहकार, वित्त मामिला विभागका सचिव र कृषि मन्त्रालयका वरिष्ठ अधिकारीहरूको उपस्थिति थियो।

**निर्वाचन आयोग-जम्मू - कश्मीर चुनाउ**

निर्वाचन आयोगले जम्मू कश्मीरको मतदाता सूची अपडेट गर्न निर्देशन दिएको छ । यसका लागि अर्को महिनाको पहिलो तारिक निर्धारण तिथि हुनेछ। यससँगै जम्मू कश्मीर विधानसभा चुनाउको तयारी सुरु हुनेछ। आयोगले हरियाणा, महाराष्ट्र र झारखण्डमा आगामी विधानसभा चुनाउको तयारी पनि सुरु गरेको छ ।

यी राज्यहरूमा मतदाता सूची नवीकरण भइरहेका छन्। हरियाणा र महाराष्ट्रको वर्तमान विधानसभाको कार्यकाल यस वर्ष नोभेम्बरमा सकिँदैछ, भने झारखण्डमा अर्को वर्ष जनवरीमा समाप्त हुनेछ।

**उच्च न्यायालय - केजरीवाल जमानत**

दिल्ली आबकारी नीति मुद्दामा, दिल्ली उच्च न्यायालयले मुख्यमन्त्री श्री अरविन्द केजरीवाललाई जमानत दिने विशेष अदालतको आदेश यस मुद्दालाई चुनौती दिने प्रवर्तन निदेशालयको याचिका माथि सुनुवाइ नभएसम्म प्रभावकारी नहुने बताएको छ।

न्यायाधिश न्यायमूर्ति सुधीर कुमार जैन र न्यायमूर्ति रविन्द्र डुडेजाको खण्डपीठमा तत्काल सुनुवाइका लागि विशेष अदालतको आदेशलाई चुनौती दिँदै प्रवर्तन निर्देशनालयले निवेदन दिएको छ ।

**आकाशवाणी समाचार**

आकाशवाणी समाचारलाई भारतमा सबैभन्दा विश्वसनीय समाचार ब्रान्डहरू मध्ये एकको रूपमा मूल्याङ्कन गरिएको छ। रोयटर्स इन्स्टिच्युट फर द स्टडी अफ जर्नलिज्म, अक्सफोर्ड युनिभर्सिटीले गरेको भर्खरैको सर्वेक्षणले देशको मिडिया जगतमा आकावाणी समाचारको श्रेष्ठता पुष्टि गरिएको छ। डिजिटल समाचार रिपोर्ट 2024 को भागको रूपमा जारी गरिएको यो वार्षिक रिपोर्ट अनुसार, समाचार विश्वसनीयताको मापनमा आकाशवाणी समाचार देशका अन्य प्रमुख मिडिया संस्थाहरू भन्दा धेरै अगाडि छ।

**T20 विश्व कप**

टी–२० क्रिकेट विश्वकपमा सुपर 8 अन्तर्गत आज भएको म्याचमा अष्ट्रेलियाले बंगलादेशलाई २८ रनले पराजित गरेको छ ।

आजको अर्को खेल अबको केही बेरपछि  इंग्ल्याण्ड र दक्षिण अफ्रिकामाझ हुनेछ। यो म्याच भारतीय समय अनुसार अहिले ८ बजी सुरु हुनेछ ।

विश्वकपमा गएराति बार्बाडोसमा भएको सुपर एट राउण्डको म्याचमा भारतले अफगानिस्तानलाई ४७ रनले पराजित गऱ्यो।

**मुख्य समाचार फेरि एकपल्ट**

- **प्रधानमन्त्री श्री नरेन्द्र मोदीले जम्मू-कश्मीरको श्रीनगरमा अन्तर्राष्ट्रीय योग दिवस समारोहको गर्नुभयो नेतृत्व**
- **देशका विभिन्न राज्यमा अन्तर्राष्ट्रिय योग दिवस हर्षोल्लाससहित पालन**
- **बंगलादेशकी प्रधानमन्त्री श्रीमती शेख हसिना भारतको दुई दिने भ्रमणमा**
- **जम्मू कश्मीरसहित हरियाणा, महाराष्ट्र र झारखण्डमा मतदाता सूची अपडेट गर्न निर्वाचन आयोगले दियो निर्देश**
- **श्री केजरीवालको जमानत प्रवर्तन निदेशालयको याचिका माथि सुनुवाइ नभएसम्म प्रभावकारी नहुने दिल्ली उच्च न्यायालयको आदेश, अनि**
- **टी–२० क्रिकेट विश्वकपमा अष्ट्रेलिया र भारतले जिते आ-आफ्ना म्याच**